NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

कार्टर सेन्टर तराईको सुरक्षा वातावरण कमजोर तर सुधार भएको उल्लेख गर्दछ ।

२९ नोभेम्बर २००९

तत्काल प्रकाशनका लागि

सम्पर्क:

एटलान्टामा: डेबोरा हेक्स, +४०४-४२०-५१२४

काठमाडौंमा: स्यारा लेभिट-शोर, +९७७ १ ४४४-५०५५/१४४६

आज प्रकाशित एउटा प्रतिवेदनमा कार्टर सेन्टरको नेपाल कार्यालयले देशभरिको वर्तमान सुरक्षा वातावरणको वर्णन गर्दछ र उल्लेख गर्दछ कि तराईका स्थानहरुमा स्थिति कमजोर भए पनि यो २००९ को शुरुवातितिरदेखि सामान्य सुधारोन्मुख भएको छ ।

"केही क्षेत्रहरुमा सुरक्षा वातावरणमा सुधार आउनु एउटा सकारात्मक कदम हो", भन्छन् कार्टर सेन्टरका प्रजातन्त्र कार्यक्रमका सहनिर्देशक डा. डेविड पोट्टी । "तर नेपालभरी कानूनको सर्वोच्चतालाई बलियो बनाउन र सबै नेपाली नागरिकहरु आफ्नो दैनिक जीवनमा शान्ति र सुरक्षा पूर्णरुपमा महसूस गर्न सक्षम छन् भन्ने सुनिश्चित गर्न अझै धेरै काम गर्न बाँकी छ ।"

कार्टर सेन्टर विशेष सुरक्षा कार्यक्रम र समस्याग्रस्त जिल्ला अनि दुर्गम क्षेत्रहरुमा प्रहरीको बढ्दो उपस्थितिका बारेमा चेतना जगाउन र समुदायिक पहुँचका कार्यक्रमहरु गर्न सुझाव दिन्छ । सेन्टर सरकार र राजनैतिक दलहरुलाई प्रहरीका मामिलामा राजनैतिक हस्तक्षेप रोक्न, पदीय भ्रष्टाचार बन्द गर्न र जुनसुकै राजनैतिक सम्बन्धनको भए पनि अपराध गर्नेहरुलाई कारवाही गर्न आवश्यक पाइला चाल्न पनि सुझाव दिन्छ । अन्त्यमा, सेन्टर काठमाडौंमा भएको राजनीतिक गतिरोधको छिटो समाधान खोजेर शान्ति प्रक्रियालाई अघि बढाउन र सुरक्षा तथा कानूनको सर्वोच्चतालाई सुदृढ बनाउन सुझाव दिन्छ ।

संभवत: प्रहरीको बढ्दो उपस्थिति, सीमा वारपारको सहयोग, सरकारको सशस्त्र समूहहरुसँगको वार्ता र स्थानिय प्रशासनमा परिवर्तन भएको कारणले पूर्वी र मध्य तराईमा सुरक्षा वातावरण सुधार भएको कार्टर सेन्टरले पाएको छ ।

तराईका धेरै नागरिकहरु सुरक्षा वातावरणका बारेमा चासो लिइरहेका छन् तथा उनीहरुलाई अपराधिक गतिविधि भविष्यमा फेरि बढ्नेछ भन्ने आशंका छ ।

पहाड र हिमालमा माओवादी कार्यकर्ताहरुमाथि लगाइने गरेका हिंसक प्रकृतिका घटनाहरुको आरोप हालैका महिनाहरुमा घटेका छन् । तथापि, मात्र थोरै संख्याका दुर्गम स्थानहरुमा माओवादीको दवावपूर्ण प्रभाव दह्रो गरि परेको देखिन्छ, र माओवादीको डर नागरिकहरुका लागि द्वन्द्वको छापको रुपमा रहिरहेको छ । सेन्टरले व्यक्त गरेको छ कि हालैका माओवादी विरोध कार्यक्रमहरु प्रायसः शान्तिपूर्ण रहे, तथापि "कालो झण्डा" प्रदर्शनका कारण केही जिल्लाहरुमा झडप भए । वाइसिएलका कार्यकर्ताहरु भने ठेक्कापट्टाका प्रक्रियाहरुमा सक्रियरुपमा हस्तक्षेप गरिरहेका छन्, कर तथा जबरजस्ती चन्दा असुलीरहेका छन् र "मध्यस्थता" वापत शुल्क लिइरहेका छन् । एमाले-सम्बद्ध युथ फोर्स पनि केही जिल्लाहरुमा यस्तै प्रकारका गतिविधिहरुमा संलग्न रहेको छ ।

अधिकांश जातिय संगठन तथा अन्य सीमान्तकृत संगठनहरु नयाँ बन्ने संविधानमा सबैका अधिकारको बारेमा सम्बोधन गरियोस् भन्ने सुनिश्चित गर्न शान्तिपूर्ण गतिविधिहरु गरिरहेका छन् । कार्टर सेन्टर उनीहरुको शान्तिपूर्ण क्रियाकलापको सराहना गर्दछ र राजनीतिज्ञहरुलाई उनीहरुले उठाएका जायज मागहरुलाई सम्बोधन गर्न आग्रह गर्दछ । पूर्वी पहाड, मध्य पश्चिम र सुदुर पश्चिम तराईमा झिनो संख्याका जातीय संगठनहरु आक्रामक तथा धम्कीपूर्ण क्रियाकलापका साथै कर तथा चन्दा संकलन गरिरहेका छन् । सरकार ती समूहहरुले संविधानसभाका प्रक्रियामा अवरोध नपुऱ्याउन् भन्ने सुनिश्चित गर्न उनीहरुलाई वार्तामा ल्याउन सक्रिय हुनुपर्छ ।

सरकारको विशेष सुरक्षा कार्यक्रमको प्रभावको बारेमा मूल्यांकन गर्नु अहिले धेरै छिटो हुन्छ । तथापि विशेष सुरक्षा कार्यक्रमले उच्च प्राथमिकताका जिल्लाहरुमा प्रहरीको उपस्थिति र आत्मबल बढाउन मद्दत गरेको विवरणहरु प्राप्त भएका छन् । सेन्टरले यो पायो कि खास गरि विशेष सुरक्षा कार्यक्रमको आशयप्रति सन्देह गरिरहेका जनताको बसोबास भएका क्षेत्रमा बृहत्तर पहुँच तथा चेतना बृद्धि गर्न अझै ठूलो पहलको खाँचो छ । सुरक्षा मामिलामा बृहत राजनैतिक हस्तक्षेप तथा सर्वसाधारणको प्रहरीप्रतिको विश्वासमा धक्का पुग्ने भ्रष्टाचारका आरोपहरु प्रहरीको प्रभावकारितामा आएको अवरोधका अन्य कारणहरु हुन् ।

कार्टर सेन्टरको सुरक्षा प्रतिवेदनको पूर्ण अंश www.cartercenter.org मा पढ्नुहोस् ।

सन् २००९ को जुन देखि द कार्टर सेन्टरले नेपालको संवैधानिक र शान्ति प्रक्रियाको पर्यवेक्षण गरिरहेको छ ता कि अवरोध र तिनको निराकरणका अवसर पत्ता लगाउन सकियोस् । आफ्नो अन्तर्राष्ट्रिय मतदान पर्यवेक्षण प्रयोजनलाई पछ्याउँदै सेन्टरले नौ विभिन्न देशका प्रतिनिधित्व गर्ने १५ दीर्घकालीन पर्यवेक्षकका साना समूहहरु देशभरि खटाएको छ । कार्टर सेन्टरले प्रमुख संवैधानिक तथा शान्ति प्रक्रियाका मुद्दाहरुको पर्यवेक्षण जिल्ला सदरमुकाममा मात्र नभै गाउँ तहसम्म पुगेर नागरिक, सरकारी अधिकारी, सुरक्षा अधिकारी, राजनैतिक दल, नागरिक समाजका नेता, मानवअधिकारकर्मी, सीमान्तकृत समूह, अन्तर्राष्ट्रिय समुदायका सदस्य र अन्यसहितका सरोकारवालाहरुसँग छलफल गरेर गर्छ । अहिलेसम्म कार्टर सेन्टरका पर्यवेक्षकहरुले नेपालका ७५ मध्ये ५० जिल्लाको भ्रमण गरिसकेका छन् जसले तराई, पहाड र हिमाललाई प्रतिनिधित्व गर्दछन् ।

द कार्टर सेन्टर नेपाल दोस्रो अन्तरिम प्रतिवेदन
नोभेम्बर २००९

अ. परिचय

आ. क्षेत्रगत उल्लेखनिय सुरक्षा मुद्दाहरु

क. पूर्व, मध्य र पश्चिम तराई
ख. पूर्वी पहाड
ग. मध्यपश्चिम र सुदुरपश्चिम तराई
घ. मध्य, पश्चिम, मध्यपश्चिम र सुदुरपश्चिम पहाड र हिमालहरु

इ. बृहत सुरक्षा मुद्दाहरु

क. विशेष सुरक्षा कार्यक्रम
ख. प्रहरीको प्रभावकारिताको चुनौति
ग. वाइसिएल र युथफोर्सका गतिविधिहरु
घ. माओवादी विरोध कार्यक्रमहरु
ङ. "आन्दोलन" प्रतिको निर्भरता

ई. निष्कर्ष र सुझावहरु

अ. परिचय

नोभेम्बर २००९ नेपालको विस्तृत शान्ति सम्झौताको तेस्रो वर्षगाँठ हो । पछिल्ला तीन वर्षहरुमा ऐतिहासिक उपलब्धिहरु प्राप्त भएका छन्, तथापि शान्ति सम्झौताको वाचा अझै अपुरो रहेको छ । विस्तृत शान्ति सम्झौतामा उल्लेखित मध्ये धेरै वाचाहरु कार्यान्वित भएका छैनन् या त आंशिक कार्यान्वित भएका छन् । शान्ति सम्झौताका मुख्य दलहरु एकअर्काप्रति अझ बढि अविश्वस्त भएको प्रतित हुँदैछ र सम्झौता तथा सहमतिको पहल सबैतिरबाट झन् साँघुरिएको छ । यसैवखत, विस्तृत शान्ति सम्झौताका वाचाहरुलाई परित्याग गर्न चाहनेहरु पहिलेभन्दा बढी चर्को गरी बोल्न थालेका छन् ।

यस सन्दर्भमा कार्टर सेन्टरले आफ्नो प्रतिवेदन सार्वजनिक सुरक्षाको बारेमा प्रस्तुत गर्दछ । नेपाली जनतालाई गरिएका वाचाहरुमध्ये एउटा मुख्य वाचा शान्तिका साथसाथ सुरक्षा र कानूनको सर्वोच्चता पनि हासिल हुन्छ भन्ने थियो । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेको तीन वर्षपछि, नेपाली जनताले देशभरि अनुभव गरेको सुरक्षा वातावरणको वास्तविकता के छ त ? कुन व्यक्तिहरु वा समूहहरु मुख्य सुरक्षा समस्याका लागि जिम्मेवार छन् र तिनले कस्ता रणनीतिहरु अपनाइरहेका छन् ? प्रहरी र राज्य संयन्त्रहरु असुरक्षाबाट जोगाउन र त्यसलाई प्रतिकार गर्न कति प्रभावकारी छन् ? र अन्त्यमा, भविष्यका लागि सुरक्षा खतराहरु के के हुन् र ती समस्यालाई समाधान गर्न तथा स्थितिलाई सुधार गर्न के गर्न सकिएला ?

यो प्रतिवेदनको पहिलो आधा अंशले देशभरिका मुख्य क्षेत्रहरुका नागरिक, दलहरु, अधिकारवादीहरु र अधिकारीहरुको बुझाइको सुरक्षा वातावरणबारे विवेचना गर्छ । प्रतिवेदनको दोस्रो अंशले बृहत सुरक्षा मुद्दाहरुको बारेमा रायहरु व्यक्त गर्छ - ती मुद्दाहरु देशभरिका लागि प्रासंगिक छन् । प्रतिवेदनको अन्तिम खण्डले भविष्यका लागि सल्लाह र सुझावहरु पेश गर्दछ ।

यो उल्लेख गर्न जरुरी छ कि यो प्रतिवेदन नागरिकले शान्ति र सुरक्षामा प्रत्यक्ष खतरा आएको महसुस गरेको मुद्दामा केन्द्रित छ र जसले प्रत्यक्ष रुपले शान्ति सम्झौता वा संविधान लेखन प्रक्रियालाई संकटग्रस्त पार्न सक्नेछ । यी मुद्दाहरुमा कानूनको उल्लंघन, जस्तै हत्या, कुटपिट, अपहरण, जबरजस्ती असुली, डर, धम्की, बन्द र अन्य गतिविधिहरु पर्दछन् । प्रतिवेदनले बृहत सुरक्षा मुद्दा जस्तै न्याय प्रणाली र संक्रमणकालीन न्यायलाई अझै सम्बोधन गर्न चाहेको छैन, सुरक्षाको क्षेत्र र सुरक्षा क्षेत्र सुधार, खाद्यान्न सुरक्षा, या घरेलु हिंसा र लैंगिक अपराधहरु अति नै महत्वपूर्ण छन् तर यस प्रयासको दायराभन्दा बाहिरै पर्छन् ।

सन् २००९ को जुन देखि द कार्टर सेन्टरले नेपालको संवैधानिक र शान्ति प्रक्रियाको पर्यवेक्षण गरिरहेको छ ता कि अवरोध र तिनको निराकरणका अवसर पत्ता लगाउन सकियोस् । आफ्नो अन्तर्राष्ट्रिय मतदान पर्यवेक्षण प्रयोजनलाई पछ्याउँदै सेन्टरले नौ विभिन्न देशका प्रतिनिधित्व गर्ने १५ दीर्घकालीन पर्यवेक्षकका साना समूहहरु देशभरि खटाएको छ । कार्टर सेन्टरले प्रमुख संवैधानिक तथा शान्ति प्रक्रियाका मुद्दाहरुको पर्यवेक्षण जिल्ला सदरमुकाममा मात्र नभै गाउँ तहसम्म पुगेर नागरिक, सरकारी अधिकारी, सुरक्षा अधिकारी, राजनैतिक दल, नागरिक समाजका नेता, मानवअधिकारकर्मी, सीमान्तकृत समूह, अन्तर्राष्ट्रिय समुदायका सदस्य र अन्यसहितका सरोकारवालाहरुसँग छलफल गरेर गर्छ । अहिलेसम्म कार्टर सेन्टरका पर्यवेक्षकहरुले नेपालका ७५ मध्ये ५० जिल्लाको भ्रमण गरिसकेका छन् जसले तराई, पहाड र हिमाललाई प्रतिनिधित्व गर्दछन् ।

आ. क्षेत्रगत उल्लेखनिय मुद्दाहरु[ञ]

क. पूर्व, मध्य र पश्चिम तराई

पूर्व, मध्य र पश्चिम तराईमा सुरक्षा वातावरण कमजोर छ । सकारात्मक कुरा के छ भने सर्वसाधारणको बुझाइमा २००९ को शुरुवाततिरदेखि सुरक्षा स्थिति सुधार हुँदै गएको छ । तथापि, यो सुधार दीगो रहने या नरहने स्पष्ट छैन ।

पूर्व, मध्य र पश्चिम तराईभरि नागरिक, सरकारी अधिकारीहरु, मानवअधिकारकर्मीहरु र पत्रकारहरुले सुरक्षा वातावरण कमजोर भएको बताएका छन् तर यो २००९ को शुरुवाततिरदेखि सुधार हुँदै गएको छ । विशेषतः उनीहरुले उल्लेख गरेका छन् कि आपराधिक गतिविधिहरु अझै भैरहेका छन्, तथापि, त्यस्ता गतिविधिको दर र चिनिएका सशस्त्र समूहहरुको गतिविधिहरु बितेका महिनाहरुमा घट्दै गएका छन् । यो सुदृढिकरणको लागि धेरै कारकहरु उद्धृत गरिएका छन् । तथापि, अन्तर्वार्ता गरिएकाहरुमध्ये ठूलो संख्याकाले निकट भविष्यमै स्थिति फेरि सजिलै बिग्रन सक्नेबारे चासो देखाएका छन् ।

पूर्व, मध्य र पश्चिमी तराईका जिल्लाहरुमा हत्या, अपहरण, धम्की, जबरजस्ती असुली र बन्द अझै जारी रहेको बुझिन्छ । साधारण गाउँलेहरुका लागि साना अपराधिक समूहहरुबाट चन्दाको माग, लुट र चोरी सबैभन्दा ठूला चासोहरु हुन्, खासगरि तिनीहरुका लागि जो भारतीय सीमाको नजिक बस्दछन् । धेरैजसो जबरजस्ती असुलीका धम्कीहरु प्राथमिकरुपमा स्थानिय प्रशासकहरु (जिल्ला प्रशासन कार्यालय कर्मचारी तथा गा.वि.स. सचिवहरु) र व्यवसायीहरुलाई लक्षित गरिएका छन् । कार्टर सेन्टरका पर्यवेक्षकहरुलाई भनिएको छ कि हालैका महिनाहरुमा भएका धेरै जबरजस्ती असुलीका धम्कीहरु साना वा अज्ञात अपराधिक समूहबाट आएका छन् जसको कुनै राजनैतिक मुद्दा छैन । मध्य तराईको एक जिल्लाका एक गा.वि.स. सचिव हालै एक अपराधिक समूहबाट अपहरित भए र धम्की जारी भएको कारणले अहिले उनी सशस्त्र प्रहरी बलको गाडीमा चढेर आफ्नो गा.वि.स. जाने र आउने गर्छन् । यस अतिरिक्त, ठूलो संख्याका जबरजस्ती असुलीका धम्कीहरु भारतीय क्षेत्रबाट व्यक्तिगत रुपमा फोनमार्फत अथवा दर्ता नगरिएका मोबाइल नम्बरहरुको प्रयोग मार्फत हुने गरेको आरोप छ ।

अपराधिक घटनाका विवरणहरु जारी रहेतापनि, साधारणतः यो बुझिन्छ कि हालैका महिनाहरुमा घटनाको दरमा कमी आएको छ ।[ट] प्रहरीको बढ्दो उपस्थिति, उल्लेख्य रुपमा नयाँ सशस्त्र प्रहरी बल चौकीको स्थापना

[ञ] *कार्टर सेन्टरले क्षेत्रगतरुपमा मुद्दाहरुको सम्बोधन गर्दा नेपालका पाँच विकास क्षेत्रहरुलाई आधार मान्दछ । उदाहरणको लागि, सेन्टरले पूर्व, मध्य र पश्चिम तराई भनेका स्थानहरु ती जिल्लाहरु भन्न खोजिएको हो जो पुर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रमा पर्दछन् । यो परिभाषा प्रतिवेदनभरि नै यथावत रहन्छ ।*

[ट] *संयुक्त राष्ट्रसंघको **ओचा**बाट दिइएको तथ्यांकले यो बुझाईलाई समर्थन गर्छः पुर्वी, मध्य र पश्चिमी तराईभरि योजनाबद्ध हत्या, अपहरण, विष्फोट र अपराधिक गतिविधिहरुले बताउँछन् कि समग्रमा, गत आठ महिनामा प्राप्त सुरक्षा सम्बन्धी घटनाहरुको संख्या मासिक लगातार घट्दो क्रममा छ, मार्च २००९ को १०४ को ठूलो संख्या देखि अक्टोबर २००९ को ५९ को सानो संख्यासम्म । तत्पश्चात्, बितेको छ महिनाको समय (नोभेम्बर २००८ देखि अप्रिल २००९) को तुलनामा वर्तमान् छ महिनाको समयमा (मे देखि अक्टोबर २००९) घटनाहरु २५ प्रतिशतले कम भएका छन् । घटनामा कमी आएका धेरैमध्ये एक उल्लेख्य ठाउँ मध्य तराई हो, जहाँ अपहरणका घटनाहरु झण्डै ७५ प्रतिशतले कम भएका छन् जुन पछिल्लो छ महिनाको समयमा ४३ थियो भने वर्तमान छ महिनाको समयमा ११ छ । यी तथ्यांकको प्रवृत्तिले संकेत गर्छन् कि एनेकपा(मा) सरकारमा भएदेखि सुरक्षा वातावरणमा सकारात्मक परिवर्तन आउन शुरु भयो र वर्तमान एमाले सरकारको पालामा यसले गति लियो ।*

र नेपाल-भारतको सीमा वारपारको समन्वयले सशस्त्र समूह र साधारण अपराधिक गतिविधिलाई नियन्त्रण गर्न सबैभन्दा सकारात्मक प्रभाव पारेको देखिन्छ । झापा, सप्तरी र सिराहाका नागरिकहरुले दावी गरे कि केही क्षेत्रका गा.वि.स.हरुमा रहेका सशस्त्र सुरक्षा बलका चौकीहरुले घटनाको व्यापकतालाई कम गर्न मद्दत गरे । पुर्वी तराईका एक प्रहरी प्रतिनिधीले पर्यवेक्षकहरुलाई भने कि केही महिनाअघि नेपाली र भारतीय सुरक्षा बलहरुको एउटा संयुक्त तालिम भारतमा सम्पन्न भएको थियो त्यसै बेला दुई भिन्न जिल्लामा भारतीय क्षेत्रबाट संचालित अवस्थामा पक्राउ परेका केही खोजी गरिएका अपराधीहरु नेपाली अधिकारीहरुलाई सुम्पिइएको विवरण स्थानिय प्रहरीबाट प्राप्त भएको छ ।

विभिन्न जिल्लाहरुमा सुरक्षा वातावरणमा अन्य तथ्यहरुले पनि ताजा सुदृढिकरणलाई सघाएको विवरण प्राप्त भएका छन् । उदाहरणका लागि, जुलाई महिनामा सरकारले लिएको सशस्त्र समूहहरुसँग वार्ता गर्ने निर्णय, केही समूहहरु टुक्रिएर अझै सानो भै खण्डित हुनु तथा गुटहरुको फितलो संगठनले पनि मुख्य सशस्त्र समूहको गतिविधिमा कमी आएको विवरण छ । स्थानिय प्रशासनमा आएको एउटा परिवर्तनलाई (खास गरि नयाँ सिडियो र/अथवा एस.पी.) तराईका कम्तीमा तीन जिल्लाहरुको लागि मुख्य कारक तत्वको श्रेय दिइएको छ । नवलपरासीमा एउटा स्थानीय गैरसरकारी संस्थाले बितेका केही महिनाहरुमा जबरजस्ती चन्दा "९० प्रतिशत" ले घट्नुको श्रेय स्थानिय सरकारी अधिकारीलाई दिएको छ भने मानवअधिकारकर्मीहरुले अनुमान लगाएका छन् कि सशस्त्र समूहका "४० जनासम्म" सदस्यहरुको पक्राउ त्यही समयमा भएको थियो ।

कार्टर सेन्टरको गम्भीर चासोको विषय कथित "मुठभेड"[घ] का विवरणहरु हुन् जसको परिणामतः जुलाई महिनामा धनुषा र सिरहामा चिनिएका सशस्त्र समूहका सदस्यहरुको हत्या भयो । सिराहामा एक हप्ताको अवधिमा मधेश मुक्ति राष्ट्रिय जनतान्त्रिकका नेता राम नारायण महतो ("मैनेजर महतो" वा "सन्देश" भनेर चिनिएको) र मधेशी मुक्ति टाइगर्सका वरिष्ठ नेता परशुराम यादव प्रहरीसँगको "मुठभेड"मा मारिएको विवरणको जानकारी कार्टर सेन्टरले पाएको थियो । मानव अधिकारकर्मीहरु, पत्रकारहरु र अन्य अन्तर्वार्ता गरिएकाहरुले कार्टर सेन्टरका पर्यवेक्षकहरुसमक्ष गम्भीर चासो व्यक्त गरे कि यी मध्ये केही घटनाहरुले गैरन्यायिक हत्याहरुलाई वैधानिक रुप दिन सक्छन् र सेन्टर विश्वास गर्दछ कि यी र यस्तै प्रकारका अन्य विवरणहरुमाथि निष्पक्ष र पूर्ण अनुसन्धानको तत्कालै आवश्यकता छ ।

सुरक्षा वातावरण सुधार हुँदै गएको वृहत बुझाइ भएता पनि चासो यो छ कि यो प्राप्त प्रगति अस्थायी छ अथवा अवस्था परिवर्तन हुनेबित्तिकै सजिलै उल्टिन सक्नेछ । केही पत्रकार र मानवअधिकारकर्मीहरु मान्दछन् कि सरकारसँग वार्ता नगरिरहेका सशस्त्र समूहका नेताहरु प्रहरीको बढ्दो उपस्थिति र हालैका मुठभेडहरुको कारण शान्त छन्, तर पुनः चाँडै अगाडि आउन सक्छन् । सरकारको सशस्त्र समूहहरुसँगको वार्ता भंग भयो भने सशस्त्र समूहको गतिविधिको मात्रा बढ्ने चासो पनि व्यक्त गरिएको छ । वर्तमानमा, शान्ति तथा पुनर्संरचना मन्त्रालय र सशस्त्र समूहका प्रतिनिधिहरु बीच तीन चरणको वार्ता भैसक्यो, राजनैतिक मुद्दाहरुमा छलफल गर्न चौथो चरणको वार्ता थालिन लागेको छ । अन्त्यमा, धेरैको विचारमा सशस्त्र र अपराधिक समूहहरुको गतिविधि अब पुनः बृद्धि हुन सक्छ किनकि खेती र बिदाको समय सकिइसकेको छ ।

मातृका यादव नेतृत्वको नेकपा(मा)का गतिविधिहरुप्रति काठमाडौंको अभिरुचि र केही जिल्लाका सरकारी अधिकारीहरु तथा नागरिकहरुको थोरै चासो रहेको छ । मातृका यादव धेरै नागरिकहरुका बीचमा राम्ररी

[घ] *"मुठभेड" भन्ने शब्दावली कार्टर सेन्टरबाट अन्तर्वार्ता गरिएकाहरुबाट एउटा घटनाको हवालामा प्रयोग भएको हो जसमा प्रहरी दावा गर्छ कि दोहोरो भिडन्तमा एक व्यक्ति मारिएका थिए । यी दावीहरुमाथि प्रायजसो मानवअधिकारकर्मीहरु, पत्रकार र अन्यबाट प्रश्न उठाइने गरिन्छन् ।*

चिनिएका छन् र उनको बारेमा नागरिकहरुको विचारको श्रृंखला सकारात्मकदेखि बेकारको भन्ने सम्म रह्यो । अन्तर्वार्ता गरिएका स्थानिय अधिकारीहरु र प्रहरीहरुको बुझाईमा नेकपा(मा)-मातृका यादव अहिलेका लागि महत्वपूर्ण सुरक्षा-त्रास होइन, तथापि उनी शक्तिशाली राजनीतिक पात्र तथा अस्थिरताको शक्ति दुवैका लागि सक्रिय र सक्षम छन् । बितेका धेरै महिनाहरुदेखि उनको सांगठनिक शक्ति अझै बलियो भएका विवरणहरु पनि छन् ।

अहिलेसम्म, नेकपा(मा)-मातृका यादवको प्राथमिक गतिविधि जग्गा कब्जा र गा.वि.स.को बजेट, व्यवसायी र नागरिकहरुबाट रकम माग्ने भएको विवरण छ । यो दललाई धनुषा, नवलपरासी र सिराहाका जग्गाधनीहरुबाट जग्गा कब्जा गरेको - वा एनेकपा(मा) कार्यकर्ता वा सशस्त्र समूहबाट कब्जा गरिएको जग्गालाई "पुनः कब्जा" गरिएको आरोप छ । धनुषामा एक नेकपा(मा)-मातृका यादवका प्रतिनिधिले दावी गरे कि पार्टीले १२०० बिघाहाभन्दा बढी जग्गा कब्जा गरिसकेको छ र क्रान्तिकारी भूमिसुधार नहुञ्जेलसम्मका लागि अस्थायी रुपमा २५० भन्दा बढी व्यक्तिलाई बाँडिसकिएको छ । कार्टर सेन्टरका पर्यवेक्षकले एक गा.वि.स. को भ्रमण गरे जहाँ जग्गा कब्जा गरिएको विवरण थियो र त्यहाँका एक नागरिकले भने कि नेकपा(मा)-मातृका यादवले उनको अन्नबाट ५० प्रतिशत लिइरहेको छ ।

केही विवरणहरु भन्दछन् कि नेकपा(मा)-मातृका यादव अन्य समूहहरुसँग सम्बन्ध बढाएर र जनसेनाका शिविर छाडेका लडाकूहरु नियुक्त गरेर संस्थालाई बृहत बनाउन खोजिरहेको छ । बाराका एक नेकपा(मा)-मातृका यादव प्रतिनिधिले पर्यवेक्षकहरुलाई भने कि यो दलले मधेशी जनाधिकार फोरम-मधेश, सदभावना पार्टी-गुप्ता, मधेश तराई फोरमलगायतका केही सशस्त्र समूहहरु जनतान्त्रिक तराई मुक्ति मोर्चा-गोइत, जनतान्त्रिक तराई मुक्ति मोर्चा-पृथ्वी र रामविलासद्वारा नेतृत्व गरिएको एउटा समूहसँग गठबन्धन बनाउन खोजिरहेको छ । धेरै जिल्लाहरुमा, पर्यवेक्षकहरुलाई भनियो कि मातृका यादव उनको पूर्व माओवादी पार्टीका समकक्षी र वर्तमान थरुहट स्वायत्त राज्य परिषदका नेता लक्ष्मण थारुसँग एउटा विशुद्ध-तराई आन्दोलनको लागि गठबन्धन गर्न खोज्दैछन् । कार्टर सेन्टरका पर्यवेक्षकहरुलाई यस वर्षको शुरुतिर इलामको चुलाचुली शिविर छाडेर आएका दुई दर्जनसहित जनसेनाका लडाकूहरुले नेकपा(मा)-मातृका यादव समूहमा प्रवेश गरेको पनि भनिएको छ । सप्तरीका एक एनेकपा(मा) का प्रतिनिधिले दावी गरे कि उनको प्रत्यक्ष जानकारीमा रहेका सात वा आठ जना सहितका जनसेनाका लडाकूहरुले शिविर छाडेर नेकपा(मा)-मातृका यादवको समूहमा प्रवेश गरेका छन्, यद्यपि यो पर्यवेक्षकहरुबाट पुष्टि हुन पाएन र यस्तो प्रतीत हुन्छ कि ठूलो संख्याका असन्तुष्ट जनसेनाहरु मातृका यादवको गुटमा मिलेका विवरणहरु अतिरञ्जित बनाइएका हुन् ।

ख. पूर्वी पहाड

पूर्वी पहाडहरुमा, सर्वसाधारण नागरिकका लागि सुरक्षा वातावरण सन्तोषजनक छ, तर सरकारी अधिकारी र व्यवसायीहरुका लागि कमजोर छ ।

सर्वसाधारण नागरिकहरुको भनाइमा पूर्वी पहाडमा सुरक्षा स्थिति सन्तोषजनक छ । तथापि, सरकारी अधिकारी र व्यवसायीहरुमा किरात जनवादी वर्कर्स पार्टी, मातृका यादव नेतृत्वको नेकपा(मा), वाइसिएल र संघीय लिम्वुवान राज्य परिषद् समूहहरुद्वारा दिइएका धम्कीहरु चासोका विषय बनेका छन् ।

किराँत जनवादी वर्कर्स पार्टी र नेकपा(मा)-मातृका यादवले सरकारी अधिकारी र सर्वसाधारण जनतालाई जबरजस्ती असुलीको लागि लक्षित गरेका छन् जब कि वाइसिएल केही गाविसहरुमा चन्दा संकलन गर्न तथा "मनोवैज्ञानिक त्रास" सिर्जना गर्न सक्रिय रहेको विवरण प्राप्त भएको छ । बितेका चार महिनाभित्रमा

उदयपुरमा किराँत जनवादी वर्कर्स पार्टी र नेकपा(मा)-मातृका यादवले गा.वि.स. सचिवहरुलाई स्थानिय विकास बजेटको अंश माग गरेर पत्र लेखेको विवरण प्राप्त भएको छ जसमध्ये केही घटनामा हरेक बजेटबाट ने. रु. २००,००० सम्म मागेका छन् । भोजपुरमा एनेकपा(मा) र किराँत जनवादी वर्कर्स पार्टीका कार्यकर्ताहरुबीच भएको झडप, किरात जनवादी वर्कर्स पार्टीका केन्द्रिय तहका मुख्य कार्यकर्ताहरुको पक्राउ तथा दलको स्थानिय तहमा आएको फुटको परिणामस्वरुप किराँत जनवादी वर्कर्स पार्टीको समग्र गतिविधिमा ह्रास आएको विवरण छ । तथापि उक्त समूह जिल्लाका दुर्गम क्षेत्रहरुमा क्रियाशील रहेको छ । नोभेम्बरको शुरुतिर किराँत जनवादी वर्कर्स पार्टीका कार्यकर्ताले खोटाङको सीमा नजिकैको भोजपुरका गा.वि.स. का विद्यालयका शिक्षकहरुलाई धम्कीपूर्ण पत्र लेख्दै समूहलाई चार दिनको तलब दिन माग गरेको आरोप छ । किराँत जनवादी वर्कर्स पार्टीका धम्कीलाई जोड दिँदा यो समूह उदयपुरका केही गा.वि.स.हरुमा खुला रुपमा हतियार लिएर हिँड्डुल गरेको आरोप छ र यसका सदस्यहरु नागरिकहरुसँग उनका साथमा रहेका साना हतियारहरु मागिरहेका छन् । नागरिक समाजका एक प्रतिनिधिले पर्यवेक्षकहरुलाई भने कि धेरै नागरिकहरुले द्वन्द्वको समयमा आफ्ना हतियारहरु सुरक्षित रुपमा राख्न प्रहरीलाई दिएका थिए र अब किराँत जनवादी वर्कर्स पार्टी नागरिकहरुलाई भन्दै छ कि ती हतियारहरु प्रहरीबाट ल्याएर सो समूहलाई दिऊन् । वर्तमानमा किराँत जनवादी वर्कर्स पार्टीको एउटा समूह शान्ति तथा पुनर्संरचना मन्त्रालयसँग वार्तामा छ र उसले समूहको मागका बारेमा पुनः वार्ता गर्ने वाचा सहितको तीन बुँदे सहमतिमा मध्य-नोभेम्बरमा हस्ताक्षर गरेको छ ।

लिम्बु समूहहरुको सम्बन्धमा कुमार लिङदेनद्वारा नेतृत्व गरिएको एउटा, सन्जुहाङ पालुङ्वाको अर्को र संघीय लिम्बुवान राज्य परिषद्-क्रान्तिकारी नामको सानो समूह गरि तीनै संघीय लिम्बुवान राज्य परिषद्का समूहहरु पाँचथरमा चन्दा माग्ने कार्यमा सक्रिय रहेका नागरिकहरुले बताएका छन् । पत्रकारहरुले पनि लिम्बुवान कार्यकर्ताहरुबाट धम्की पाएको विवरण छ । संघीय लिम्बुवान राज्य परिषद्-लिङ्देनका कार्यकर्तासँग पत्रकारहरुलाई धम्की दिएको बारे प्रत्यक्ष सोधपुछ गर्दा उनीहरुले त्यसप्रकारका कार्यहरु पार्टीको नीतिमा नरहेको दावी गरेका छन् । यी समूहहरुले प्राथमिक रुपमा व्यवसायी र स्थानीय उपभोग्य वस्तु निर्यातकर्ताहरुबाट चन्दा माग्ने गरेको देखिन्छ । केही घटनाहरुमा संघीय लिम्बुवान राज्य परिषद्का समूहहरुले रकम भुक्तानीका लागि दवाव दिन धम्कीपूर्ण भाषाको प्रयोग र समयसीमा तोक्ने सम्म गरेका छन् । कार्टर सेन्टरका पर्यवक्षकहरुलाई संघीय लिम्बुवान राज्य परिषद्-लिङ्देनका प्रतिनिधिले हस्ताक्षर गरेको भनिएको यस्तै एउटा पत्र देखाइएको थियो । यसअलावा संघीय लिम्बुवान राज्य परिषद्का कार्यकर्ताहरुका साथसाथ लिम्बुवानका कार्यकर्ता भनेर चिनाउने व्यक्तिहरु मुख्य सडकहरुमा समेत चन्दा संकलन गरिरहेको विवरण पर्यवेक्षकले उल्लेख गरेका छन् । बितेका दुई महिनादेखि पाँचथर र झापा बीचको राजमार्गमा नियमित प्रहरी गस्ती तथा अन्य कारणहरुले ती गतिविधिहरुमा कमी आएको विवरण छ । यो उल्लेख गर्न महत्वपूर्ण छ कि यी क्रियाकलापहरु संविधान निर्माण प्रक्रियाको राजनीतिक परिदृष्यमा भैरहेका छन् जसलाई ती समूहहरु आफ्नो मागको प्रभावकारिताको पक्षमा हुने आशा राख्छन्, खास गरि लिम्बुवान राज्यको मागमा । तथापि, औचित्य जेसुकै भए पनि, यि सबै खालका गतिविधिले सुरक्षा वातावरणका लागि चासो जगाउँछन् ।

ग. मध्यपश्चिम र सुदुरपश्चिम तराई

मध्यपश्चिम र सुदुरपश्चिम तराईमा सुरक्षा स्थिति सन्तोषजनक छ ।

मध्यपश्चिम र सुदुरपश्चिम तराईमा सुरक्षा स्थिति सन्तोषजनक छ र पूर्व, मध्य र पश्चिम तराईभन्दा बढी सकारात्मक भएको विवरण छ । बाँके, दाङ र कैलालीमा सशस्त्र र अपराधिक समूहको गतिविधि थोरै भएको विवरण छ र केही अपवाद सहित साधारणतः डकैती जस्ता साना अपराधमा सीमित रहेको पाइन्छ । एनेकपा(मा) का कार्यकर्ताहरुको धम्कीका घटनाहरु धेरै जिल्लाहरुमा चासोका विषय बनेका छन् त्यसैगरि कैलालीमा

वाइसिएल र युथफोर्सका कर संकलनका विवरण पनि छन् । यसअलावा, दुई थारु समूहहरु - लक्ष्मण थारु नेतृत्वको थरुहट स्वायत्त राज्य परिषद् र थरुहट संयुक्त संघर्ष समिति - का गतिविधि सरकारी अधिकारीहरु र व्यवसायीहरुका लागि केही चासोको विषय बनिरहेका छन् ।

कार्टर सेन्टरका पर्यवेक्षकहरुले कैलालीमा एनेकपा(मा) का कार्यकर्ताहरुबाट भएका धम्कीका गतिविधिहरु सम्बन्धी कैयौं चासोका विवरणहरु प्राप्त गरे । अगस्टमा, माओवादी समर्थकहरुले एक स्थानिय समितिका नवनियुक्त अध्यक्षमाथि आक्रमण गरे जो एउटा विरोधी राजनैतिक दलका सदस्य पनि थिए र उनलाई त्यो पदमा रहनबाट वञ्चित गरेको विवरण छ । त्यसैगरि, सेप्टेम्बरमा, स्थानिय एनेकपा(मा) प्रतिनिधिहरुले दुई गा.वि.स. बाट धान बाली लुट्न आदेश दिए र पर्यवेक्षकहरुलाई भने कि यो शान्ति प्रक्रिया "अघि नबढेको" कारणले गरिएको हो । बर्दियाजस्तै मध्यपश्चिम र सुदुरपश्चिम तराईका जिल्लाहरुमा माओवादी कार्यकर्ताका बीचमा जग्गा द्वन्द्वको एउटा स्रोत रहेको छ जहाँ जग्गाका मामिलामा विवाद - जग्गा फिर्ता नभएको, शसर्त फिर्ता भएको अथवा माओवादीहरुबाट भर्खरै कब्जा गरिएको - अवस्था हरु जारी समस्या हुन्[द] । यस अलावा, वाइसिएलले सरकारी अधिकारी र व्यवसायीहरुबाट जबरजस्ती पैसा असुलेको तथा वाइसिएल र युथफोर्स दुबैले जिल्लाको विभिन्न भागका मुख्य सडकहरुमा सवारी साधनहरुबाट कर संकलन गरेका आरोपका विवरणहरु पनि छन् (**वाइसिएल र युथ फोर्सका विस्तृत गतिविधिहरु बारे पेज नं. १३ हेर्नुहोस् ।**)

यसैबेला, थारु पक्षपोषक समूह थारु स्वायत्त राज्य परिषद्ले थरुहट सेना नामक "शान्तिपूर्ण सेना" निर्माण गरेको छ र अन्तर्राष्ट्रिय श्रम संगठन अनुबन्ध १६९ (आइएलओ १६९)[छ] को न्यायपूर्ण प्रयोगको हवालामा कर संकलन गर्दैछ । बाँकेमा रहेका पर्यवेक्षकहरुले थुप्रै बाल-उमेरका थारु "कर संकलकहरु" मुख्य सडकमा काठ ढुवानी गरिरहेका ट्रकहरुसँग कर उठाउँदै गरेको देखेका थिए । यस अलावा, थारु स्वायत्त राज्य समिति र थारु संयुक्त संघर्ष समितिले उनीहरुको विचारमा थारुको हकको विपरित रहेका स्थानिय ठेक्का प्रणालीहरुलाई रोक्ने वा जारी भएका ठेक्काहरुबाट पैसा लिने गरेको विवरण छ । अन्तर्वार्ता गरिएका एक ठेकेदारले भने कि त्यस्ता करहरुको विरुद्धमा केही महिना अघि धेरै ठेकेदारहरुले विरोध प्रदर्शन गरे, तर था.स्वा.रा.प. का कार्यकर्ताहरुको "हामी जिम्मा लिन सक्दैनौं" भन्दै उपकरणहरु ध्वंश पारिदिने धम्कीपछि नरम भए । थारु स्वायत्त राज्य परिषद्का प्रतिनिधिहरुले दावी गरे कि उल्लेखित सबै खालका गतिविधिहरु सरकारलाई उनीहरुको चासोको विषयमा सम्बोधन गर्नका लागि गरिएका दवावपूर्ण चालहरु मात्र हुन् ।

[द] *२६ अगस्ट २००९ मा जारी गरिएको कार्टर सेन्टरको "प्रथम अन्तरिम रिपोर्ट"ले जग्गा मुद्दाका स्थानिय तहमा भएका केही जटिलताको बारेमा विवेचना गर्दछ । सेन्टरले बुझ्यो कि धेरै जिल्लाहरुमा जग्गाका मुद्दाहरु द्वन्द्वका प्रत्यक्ष स्रोत नभएको विवरण भए पनि केही क्षेत्रहरु थिए जहाँ जग्गाको विवाद स्थानीय तहमा तनाव र झडपका पनि श्रोत थिए ।*

[छ] *आइएलओ १६९ लाई नेपाल सरकारबाट सेप्टेम्बर २००७ मा अनुमोदन गरिएको थियो जो ७ अगस्ट २००७ मा भएको सरकार र जनजातिबीचको सहमतिको बुँदा ११ सँग मेल खान्थ्यो जसले आदिवासी जनताको लागि सरकारको नयाँ उत्तरदायित्व स्पष्ट गर्छ । नेपाली कानून र व्यवहारलाई अनुबन्धसम्मत बनाउने अपेक्षाले सरकारले एउटा आइएलओ १६९ कार्ययोजना निर्माण गरेको छ जुन हाल मन्त्रीमण्डलमा थाँती रहेको छ । तथापि, अनुबन्धको अनुसार यो हस्ताक्षर भएको १२ महिनापछि लागू हुन्छ, जस्तै सेप्टेम्बर २००८, र परिणामतः थोरै संख्याका संगठनहरुले मात्रै उक्त सीमा भित्रै आइएलओ १६९ को कार्यान्वयनका लागि सक्रिय भएका छन् ।*

घ. मध्य, पश्चिम, मध्यपश्चिम तथा सुदुरपश्चिम पहाड र हिमालहरु

देशभरिका मध्य, पश्चिम, मध्यपश्चिम र सुदुरपश्चिम पहाडी र हिमाली जिल्लाहरुमा, सुरक्षा वातावरण साधारणतः शान्त भएको विवरण छ, तर जनताको बुझाइमा माओवादी धम्की द्वन्द्वको छापको रुपमा रहेको छ । अत्यन्तै थोरैका संख्याका केही दुर्गम स्थानहरुमा माओवादी कार्यकर्ताको दवावपूर्ण प्रभाव भएको विवरण पनि छ ।

तराई र पूर्वी पहाडी हिमाल बाहेक भ्रमण गरिएका धेरै जिल्लाहरुमा सुरक्षाको वातावरण साधारणतः शान्त भएको विवरण छ । सर्वसाधारण नागरिकका लागि सबैभन्दा ठूलो समस्या भनेको, केही अपवादसहित डकैती र चोरी जस्ता साना अपराधहरु छन् । वाइसिएल र केही हदसम्म युथफोर्सका कार्यकर्ताहरु पश्चिमी हिमाली जिल्लाहरुमा जबरजस्ती असुली र टेण्डरबाट कमिशन लिने कार्यमा सक्रिय छन् । यस अलावा, माओवादीको हालैको कालोझण्डा कार्यक्रमको बेला बाहेक तनाव साधारणतः कम छ । (**वाइसिएल र युथफोर्सका गधिविधिको बारेमा विस्तृत जानकारी तथा माओवादीको हालैको विरोध कार्यक्रमहरुको बारेमा पेज १३ र १४ मा हेर्नुहोस् ।**)

पर्यवेक्षकहरु उल्लेख गर्छन् कि हाल थोरै हिंसापूर्ण घटनाहरु भएता पनि माओवादी धम्कीको अनुभुति सर्वसाधारण जनताको दिमागमा सशस्त्र द्वन्द्वको छाप बनेर बसेको छ । यो खास गरि ती पहाडी जिल्लाहरुमा छ जो दशक लामो द्वन्द्वबाट अत्यधिक प्रभावित भएका थिए । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको तीन वर्ष मात्र पुरा भएकोमा एनेकपा(मा) का नेताहरुको अर्को जनआन्दोलन र हिंसातर्फको संभाव्य फिर्तीजस्ता वक्तत्वहरुले सर्वसाधारण जनताका माझमा सोचनिय चासो जगाएको छ । दैलेखमा स्थानिय गाउँलेहरु माओवादीलाई आलोचना नगर्न सचेत देखिन्थे किनकि एक गाउँलेले भने जस्तै, “कुनै बेला केही पनि हुन सक्छ” । धेरै पहाडी जिल्लाहरुमा २००८ को संविधानसभाको निर्वाचन पछि अन्य राजनैतिक दलका लागि राजनैतिक अवस्था सुधिएको विवरण देखिन्छ र मुख्य राजनैतिक दलका प्रतिनिधिहरु दावा गर्छन् कि उनीहरु धेरैजसो गाविसहरुमा दलका गतिविधि गर्न सक्षम छन् । तथापि, यी दावाहरु बृहत रुपमा परिक्षण गरिएका छैनन् किन कि पर्यवेक्षणको दौरानमा अत्यन्तै थोरै कार्यक्रमहरु भए ।

सुदुरपश्चिमका पहाडहरुमा पनि सुरक्षा स्थिति मुख्यतः शान्त देखिन्छ तथापि बैतडी-दार्चुलाको सीमातिर केही दुर्गम क्षेत्रहरुमा माओवादी कार्यकर्ताहरुको दवावपूर्ण प्रभाव रहेको आरोप छ । सीमाक्षेत्र वरिपरिका प्रहरी चौकीहरुमा हालै भएको कार्यकर्ता र प्रहरीको विवादपछि माओवादीहरुले आक्रमण गरेको जस्ता विवरणहरु छन्, जस्तै वैतडीको सिरकोट गा.वि.स.को एक प्रहरी चौकीमा माओवादी र प्रहरीबीचको झडपमा चार प्रहरी अधिकृतहरु घाइते भएको विवरण छ । धम्की वा बदलाको डरले राजनैतिक दलका गतिविधिहरु गर्न नदिइएका आरोपहरु पनि छन् । दार्चुला जिल्ला सदरमुकामका एमाले र नेपाली कांग्रेसका प्रतिनिधिहरुले पर्यवेक्षकहरुलाई भने कि माओवादी कार्यकर्ताबाट चार जना नेपाली कांग्रेस सदस्यहरुले धम्की पाए पछि उनीहरु सीमा क्षेत्रमा रहेको एउटा खास गा.वि.स. जान सुरक्षित महसुस गरिरहेका छैनन् । एउटा नजिकैको गाविसमा जहाँ नेपाली कांग्रेस र एमाले पार्टी कार्यकर्ताहरुले लगातारको हैरानीको बारेमा बोले, स्थानिय एनेकपा(मा) प्रतिनिधिहरुले कार्टर सेन्टरका प्रतिनिधिहरुलाई भने, “यहाँ सबै माओवादी छन् ।”

अन्त्यमा, कार्टर सेन्टरका पर्यवेक्षकहरु उल्लेख गर्छन् कि बहुसंख्यक जातीय सगठनहरु र अन्य सीमान्तकृत समूहहरुले पूर्णतः शान्तिपूर्ण गतिविधिहरु गरिरहेका छन् जो नयाँ बन्ने संविधानले सबै जनताको अधिकारलाई सन्तोषजनक रुपले सम्बोधन गरोस् भन्ने सुनिश्चित गराउनको लागि लक्षित छ । उदाहरणका लागि गुरुङ, दलित, मगर, मुस्लिम, तामाङ र महिलाका संगठनहरुका संगठित गतिविधि बृहतरुपमा शान्तिपूर्ण छन् ।

इ. बृहत सुरक्षा मुद्दाहरु

क. विषेश सुरक्षा कार्यक्रम

नेपाल सरकारले "प्रभावकारी शान्ति र सुरक्षाको लागि, दण्डहीनता अन्त्य र मानव अधिकारको रक्षा, २०६६ (२००९-१०)" नामक विनियम बनाएको छ, जसलाई विशेष सुरक्षा कार्यक्रम वा विशेष सुरक्षा योजना भनिने गर्छ । विशेष सुरक्षा कार्यक्रमको हालैको कार्यान्वयन (अगस्ट/सेप्टेम्बर २००९) लाई नजर गर्दा, कार्टर सेन्टरको लागि यसको प्रभावकारिताको मूल्यांकन गर्न सम्भव छैन । यसबाहेक, योजनाका विस्तृत विवरणहरु अझै सार्वजनिक भएका छैनन् जसले विशेष सुरक्षा कार्यक्रमको कार्यान्वयन पक्षका विषेशताका प्रवृत्तिहरुको पर्यवेक्षण गर्न अप्ठेरो बनाएको छ । तथापि, सेन्टरले गृह मन्त्रालयबाट सुरक्षा अधिकारीहरु र सरकारी कर्मचारीहरुद्वारा पालना गर्नुपर्ने आचारसंहिताको प्रति प्राप्त गरेको छ । यो दस्तावेजले स्थानीय प्रशासन ऐन सहित अन्य विद्यमान कानूनहरुको प्रभावकारी कार्यान्वयनमा जोड, सडक अवरोध र गम्भीर अपराधलाई नियन्त्रण र काठमाडौं उपत्यकासहित "उच्च प्राथमिकता" का क्षेत्रहरु, तराई र पुर्वी एवं मध्यपश्चिमी पहाडका लागि विशेष सुरक्षा नीतिहरु बनाएको उल्लेख छ । यसले विशेष सुरक्षा कार्यक्रमको बारेमा सचेतनाका लागि देशैभरि कार्यक्रमहरु समेत राखेको छ ।

यद्यपि विशेष सुरक्षा कार्यक्रमलाई एक्लो कारणको रुपमा लिन सकिन्छ भन्ने स्पष्ट छैन, यसको कार्यान्वयन समयदेखि चयन गरिएका अधिक प्राथमिकताका जिल्लाहरुमा चक्काजाम र बन्द नियन्त्रण गर्न जोड दिइएको पर्यवेक्षकहरुले पाएका छन्, त्यसैगरि सशस्त्र समूहका गतिविधिमा रोक, नयाँ सशस्त्र प्रहरी बल चौकीको स्थापनाबाट प्रहरीको बढ्दो उपस्थितिको जानकारी छ । बितेका केही महिनाहरुमा "विशेष क्षेत्र" मा यस प्रतिवेदनमा अगाडि उल्लेख गरिएका चासोका क्षेत्रहरुमा सशस्त्र प्रहरी बल चौकीहरु स्थापना भएको जानकारी छ । सेन्टरसँगको छलफलमा सरकारी अधिकारीहरु र प्रहरीहरुले यस कार्यक्रमले प्रहरीको मनोबल बढाएको श्रेय दिएका छन् । बढी सुरक्षा चासो भएका जिल्लाहरुमा प्रहरीको उपस्थितिलाई आड दिन सुरक्षा वातावरण सापेक्षित शान्त भएका अन्य जिल्लाहरुबाट प्रहरीहरु पठाइएका छन् ।

उच्च प्राथमिकतामा परेका जिल्लाहरुका लगभग सबै अन्तर्वार्ता गरिएकाहरुले सुरक्षालाई सुधार गर्नुपर्ने आवश्यकतालाई स्वीकार गरेका भए पनि केहीको बुझाइमा विशेष सुरक्षा कार्यक्रम उनीहरुमाथि अन्यायपूर्ण तवरले लक्षित गरिएको छ । धेरै जिल्लाका एनेकपा(मा) प्रतिनिधिहरुले आरोप लगाए कि यो कार्यक्रम उनीहरुको विरोध कार्यक्रमहरुलाई दमन गर्न या भावी जनआन्दोलनलाई निष्फल पार्न लक्षित छ । बारा, रुपन्देही र सिराहा जस्ता पूर्वी, मध्य तथा पश्चिमी तराईका जिल्लाहरुमा मधेशीहरु विशेष सुरक्षा कार्यक्रमबाट अनुचित रुपले लक्षित भैरहेकोप्रति धेरै मधेशी दलका प्रतिनिधिहरुले चासो देखाएका छन् तथापि उनीहरुले कार्यक्रम कार्यान्यन भएको अवधिदेखिको कुनै पनि विशेष चासोको घटना उल्लेख गर्न सकेनन् । यसबाहेक, केही जातीय संगठनहरु, विशेष गरि पूर्वी पहाडमा संयुक्त लिम्बुवान राज्य परिषद् गुटहरु, सुदुरपश्चिम तथा मध्यपश्चिम तराईका थारु स्वायत्त राज्य परिषद् विश्वास गर्छन् कि विशेष सुरक्षा कार्यक्रम उनीहरुको गतिविधिलाई नियन्त्रण गर्न निर्माण गरिएको हो, यद्यपि उनीहरुसँग पनि प्रहरीको व्यवहारको सम्बन्धमा अहिलेसम्म कुनै खास गुनासो छैन । यी समूहहरुले देखाएको चासोको एउटा कारण विशेष सुरक्षा कार्यक्रमको कार्यान्वयनपूर्व उनीहरुसँगको न्यूनतम परामर्श हो जसले उनीहरुलाई सरकारको नियतको बारेमा सशंकित बनाएको छ ।

प्राथमिकतामा परेका धेरै जिल्लामा बसोबास गर्ने नागरिकहरुले विशेष सुरक्षा कार्यक्रम कार्यान्वयन हुँदैछ भन्ने सुनेका थिएनन् । विशेष सुरक्षा कार्यक्रमको बारेमा जानकारी दिन स्थानिय अधिकारीहरु आफ्नो गाउँमा

आएको कुरा अन्तर्वार्ता गरिएका कसैले पनि बताएनन्, तर धेरैले उल्लेख गरे कि प्रहरीका मोटरहरु उनीहरुको गाउँ छेउछाउ वा गाउँभित्रै गस्ती गरिरहेका छन् । पाँचथरमा नागरिकलाई कार्यक्रमबारे बताउन रेडियो सूचनाहरु प्रसारित गरिएको विवरण छ, तर यसले जनचेतनामा खासै प्रभाव नपारेको देखिन्छ । धेरै जिल्लाहरुमा रेडियो वा पत्रिकाबाट कार्यक्रमको अवस्थितिको बारेमा थाहा पाएकाहरुको दृष्टिकोण कार्यक्रमको महत्व र आशयको बारेमा मिश्रित रह्यो । पुर्वी र मध्य तराईमा केही नागरिकहरुले दावी गरे कि बन्दहरु कम गर्न र खासगरि सशस्त्र समूहको गतिविधिलाई नियन्त्रण गर्न यो कार्यक्रम जरुरी थियो जो व्यवसायी र सर्वसाधारण जनताका लागि व्यापक चासो बनेको छ । प्रहरीको स्पष्ट रुपले बढेको उपस्थितिको वावजुद, पर्यवेक्षकले यो सुनि नै रहे कि नागरिकहरु अझै बढी प्रहरी चौकीको आवश्यकता भएको भन्छन् र गुनासो गर्छन् कि घटना घट्दापछि प्रहरी चाँडो प्रतिक्रिया देखाउँदैनन् ।

ख. प्रहरीको प्रभावकारिताका चुनौतिहरु

भ्रमण गरिएका लगभग सबै जिल्लाहरुमा सरकारी अधिकारीहरु, प्रहरी र मानव अधिकारवादीहरुले प्रहरीका मामिलाहरुमा राजनैतिक दलको हस्तक्षेपका घटना उल्लेख गरेका छन् । दलीय हस्तक्षेपको समस्याले दलको सीमा पार गर्छ र उच्च-तहका राजनीतिज्ञहरुको अमूर्त फोनदेखि लिएर दलका सदस्यको रिहाइका लागि दवाव दिन प्रहरी चौकीहरु अगाडि बृहत भेला गर्ने सम्म हुन्छ । मध्य तराईको एक जिल्लाका प्रहरी निरिक्षकले राजनैतिक दलहरुबाट "अत्यधिक हस्तक्षेप" हुने गरेको गुनासो गरे । पूर्वी तराईको एक जिल्लाका प्रमुख जिल्ला अधिकारीले भने कि सुरक्षा स्थिति झन् बिग्रन सक्ने भएकाले प्रहरी चौकीहरु अगाडि भीड हुनबाट जोगाउन उनले दलका कार्यकर्ताहरुलाई रिहा गरेका छन् । पाल्पामा प्रहरीले सेम्टेम्बरको एउटा घटना उल्लेख गरेको छ जसमा माओवादी दलका कार्यकर्ताहरुले अपहरणको अभियोगमा पक्राउ परेका उनका कार्यकर्ताहरुको रिहाई नभएसम्म प्रहरी कार्यालय अगाडि धर्ना दिए र पार्टीका नारा लगाईरहे । तराईको एक जिल्लाका प्रहरी भन्छन् कि जिल्ला सदरमुकाममा राजनैतिक दवावलाई सहन गर्न धेरै सजिलो छ, तर दुर्गम क्षेत्रमा त्यसो गर्न अप्ठेरो छ जहाँ ठूलो मानवसंशाधन छैन र प्रहरी विरुद्धको प्रत्यक्ष प्रतिशोध चासोको विषय हो ।

राजनैतिक दल र सशस्त्र समूहका सदस्यहरुबीचको साँठगाँठको आरोप तराईका केही भागहरुमा अर्को एउटा महत्वपूर्ण चासो चुनौतिको रुपमा देखिन्छ । पूर्वी र मध्य तराईमा, धेरै सरकारी अधिकारीहरु, राजनैतिक दलका प्रतिनिधि, मानव अधिकारकर्मीहरु र नागरिकहरुले दावी गरे कि केही दलहरुको सशस्त्र वा अपराधिक समूहहरुसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध रहेको छ । पूर्वी तराईको एक जिल्लामा खुला रुपमा भनियो कि अन्य दलका गतिविधिलाई धम्क्याउन वा अन्य दलका समर्थकहरुलाई त्रसित गर्न दलहरुले त्यस्ता समूहहरुको प्रयोग गर्छन् । केही घटनाहरुमा, चिनिएका सशस्त्र समूहका सदस्यहरु जो प्रहरीबाट पक्राउ परेका थिए, राजनैतिक दलका सदस्य भएको पाइयो । मध्य तराईको एक जिल्लाका एक स्थानिय सरकारी अधिकारले हालैको एक घटनाको बारेमा बताए कि जब एक सशस्त्र समूहका सदस्य धम्कीको पत्र बुझाउँदै गर्दा पक्राउ परेका थिए, उनको साथबाट एउटा दलको गाउँ सचिव परिचयपत्र पनि बरामद भएको थियो । दलले प्रहरीसँग छलफल गरेपछि अभियुक्त माथिका आरोपहरु फिर्ता गरिएको जानकारी पाइयो ।

अन्त्यमा, भ्रष्टाचारका खबरहरुले सरकारी अधिकारी र प्रहरी दुवैका बारेमा नागरिकका विचार नकारात्मक रुपले प्रभावित भएका छन् । पूर्वी, मध्य र पश्चिमी तराईमा जनताको आत्मविश्वास विशेष गरि कम छ जहाँ यो आम बुझाई छ कि सरकारी अधिकारी र प्रहरी दुवै थरि भ्रष्टाचारका योजनामा संलग्न छन् वा सशस्त्र या अपराधिक समूहका गतिविधिमा सहभागी छन् । मध्य तराईको एक जिल्लामा धेरै स्रोतबाट पर्यवेक्षकहरुलाई भनियो कि तराईका सरकारी कर्मचारी र प्रहरीका पदहरु "बिक्री" भए र त्यसपछि खरिदकर्ताहरुले आफ्नो लगानी फिर्ता गर्न तस्करी तथा लुटमा संलग्न भएका अपराधी समूहहरुसँग साँठगाँठ गरे । पूर्वी तथा मध्य

तराईका मानव अधिकारकर्मी र पत्रकारहरुले पर्यवेक्षकहरुलाई आरोपित घटनाहरुको बारेमा भने जहाँ साँठगाँठमा संलग्न प्रहरीले पक्राउ पर्न लागेका अपराधीहरुका लागि सुराकी गरेको विवरण छ । सिराहामा अन्तर्वार्ता गरिएका केही नागरिकहरुले भने कि उनीहरु प्रहरीलाई सशस्त्र र अपराधिक समूहहरुको गतिविधिहरुको बारेमा बताउन चाहँदैनन् किनभने अधिकारी (प्रहरी) हरु सशस्त्र समूहहरुसँग मिलेका हुन सक्छन् ।

ग. वाइसिएल र युथफोर्सका गतिविधिहरु

योङ्ग कम्युनिष्ट लिग (वाइसिएल) र युथ फोर्स पर्यवेक्षकहरुले भ्रमण गरेका मध्ये बहुसंख्यक जिल्लाहरुमा क्रियाशील छन् । विवरणहरुमध्ये धेरैमा वाइसिएल र केही कम मात्रामा युथफोर्सका गतिविधिहरु ठेक्का प्रक्रियामा हस्तक्षेप, "कर संकलन" वा दवावपूर्ण चन्दासँग सम्बन्धित छन् । दार्चुला, कैलाली, गोरखा, लमजुङ र म्याग्दी लगायतका केही जिल्लामा कार्टर सेन्टरका पर्यवेक्षकले वाइसिएल र युथफोर्सबीच झडपहरुको विवरण पाएका छन् ।

भ्रमण गरिएका सबैमध्ये आधाजसो जिल्लाहरुमा स्थानिय ठेक्कापट्टामा हस्तक्षेप विशेष गरि पश्चिमी पहाडी जिल्लाहरुमा सरकारी अधिकारी, प्रहरी र व्यवसायीहरुको चासो बनेको छ, । वाइसिएलले अर्घाखाँची, बाग्लुङ, बाँके, दाङ, गुल्मी, स्याङ्जा र तनहुँ आदि जिल्लाहरुमा ठेक्का प्रक्रियामा हस्तक्षेप गरेको विवरण छन्भने दार्चुला, धनकुटा, लमजुङ र मकवानपुरमा वाइसिएल र युथफोर्स दुवैले हस्तक्षेप गरेको विवरण छ । यस खालका हस्तक्षेपहरु दलसँग आबद्ध ठेकेदारहरुलाई प्रत्यक्ष रुपमा ठेक्का दिलाउने, अन्य राजनीतिक दलसँग आबद्ध व्यवसायका लागि ठेक्का आव्हान रोक्का गराउने वा आव्हान भैसकेकाहरुमा कमिशनका लागि दलाली गर्ने सम्म छन् । बाग्लुङमा, वाइसिएलले आत्रुमकरुपमा सरकारी ठेक्काहरुमा हस्तक्षेप गरिरहेको र आफ्नो ठेकेदारले नपाएमा जे पनि हुने धम्कीका कारण एउटा ठेक्का रद्द भएको समेत विवरण छ । एउटा पश्चिमी पहाडी जिल्लामा माओवादी कार्यकर्ताहरुबीचको विवाद तब सामुन्ने आयो जब वाइसिएलले एउटा अञ्चल अस्पतालको ठेक्काको मामिलामा पार्टीको तर्फबाट दलाली गरेर लिएको रकम एक स्थानिय एनेकपा(मा) का नेताले खाइ दिए ।

ठेक्का प्रक्रियामा हस्तक्षेपको अलावा वाइसिएलबाट, र थोरै मात्रामा युथफोर्सबाट जबरजस्ती चन्दा असुली र "कर संकलन" को विवरण पनि पाइयो । धेरै पहाडी जिल्लाहरु र केही संख्याका तराई जिल्लाहरुमा वाइसिएलका जबरजस्ती चन्दा असुलीको आरोप बारेमा पर्यवेक्षकहरुलाई विवरण दिइयो । पुर्वी तराईको एक जिल्लामा वाइसिएलले कार्टर सेन्टरका पर्यवेक्षकहरु बसेको एक होटलका कर्मचारीसँग चन्दा मागेको पाइयो । त्यसैगरि, वाइसिएल र युथफोर्सले कैलालीको भारतीय सीमामा मोटरहरुबाट "कर" उठाइरहेको पाइयो: अक्टोबरमा, युथफोर्सका सदस्यले वाइसिएलको क्षेत्रमा कर संकलन गर्ने प्रयास गरेपछि युवा कार्यकर्ताहरुबीच विवाद भएको विवरण पाइयो । वाइसिएल कार्यकर्ताहरुले रौतहटमा तस्कर र अवैध वन कटानी गर्नेहरुसँग पनि "कर" संकलन गरेको विवरण पाइयो ।

घ. माओवादीका विरोध कार्यक्रमहरु

माओवादीको पहिलो चरणको विरोध कार्यक्रमका दौरान, माओवादी नेताहरुले जनसभाहरुलाई सम्बोधन गर्दा आक्रामक भाषणको प्रयोग गरे र "कालो झण्डा" प्रदर्शनको समयमा धेरै जिल्लाहरुमा प्रदर्शनकारी र प्रहरीको बीचमा फाट्टफुट्ट झडपहरु भए । त्यसको विपरित, दोस्रो चरणको विरोध कार्यक्रममा शान्तिपूर्ण र "उत्सव" को वातावरण थियो, तथापि केन्द्रिय र जिल्ला तहका प्रशासनिक निकायहरु बन्द भए र थोरै टकरावहरुको विवरण

आयो । अहिलेसम्मका विरोध कार्यक्रमहरु सापेक्षित रुपमा शान्त प्रकृतिको भएको तथा संयमको अभ्यास प्रदर्शित गरेकोमा कार्टर सेन्टर सरकार, प्रहरी तथा माओवादीहरुको सराहना गर्दछ ।

अगस्ट महिनादेखि जारी सरकारका मन्त्रीहरुका विरुद्ध कालो झण्डा प्रदर्शन गर्ने कार्यले केही क्षेत्रमा तनाव बृद्धि गरेको विवरण पाइयो र परिणामतः धेरै जिल्लाहरुमा माओवादी र प्रहरी अथवा अन्य दलका कार्यकर्ताहरुबीच झडप भयो । उदाहरणका लागि, स्याङ्जा, रुपन्देही, दाङ र कैलालीमा कालो झण्डा प्रदर्शन कार्यक्रमको दौरानमा माओवादी कार्यकर्ताहरुले सरकारी मन्त्रीहरुका मोटरमा ढुंगा प्रहार गर्न थालेपछि प्रहरी र माओवादी बीचमा हिंसात्मक झडप भएको जानकारी कार्टर सेन्टरका पर्यवेक्षकहरुले पाए । चितवनमा, अक्टोबरको अन्त्यतिर नेपाली कांग्रेसका नेता एवं पूर्व प्रधानमन्त्री शेर बहादुर देउवालाई कालो झण्डा देखाउँदा माओवादी कार्यकर्ताहरुले तरुण दलका सदस्यहरुसँग झडप गरेको विवरण प्राप्त भयो । कार्टर सेन्टरका पर्यवेक्षकहरुलाई धेरै पत्रकारहरुले भने कि माओवादी र तरुण दल बीचको त्यो झडप एउटा "आकस्मिक" घटना थियो न कि एउटाले अर्को विरुद्ध गरेको पूर्व-नियोजित आक्रमण । त्यसैपछि माओवादी कार्यकर्ताहरुले नोभेम्बर महिनाको मध्यतिर चितवन भ्रमणको कार्यक्रममा रक्षामन्त्री विद्या भण्डारीलाई लगातार रुपमा कालोझण्डा देखाए तर कुनै घटना भएन । यसै दौरानमा, सेप्टेम्बर महिनामा नवलपरासीमा सरकारका एक जना मन्त्रीलाई कालो झण्डा देखाउन लाग्दा माओवादी कार्यकर्ताहरुलाई मधेशी जनाधिकार फोरम-लोकतान्त्रिक र तराई मधेश लोकतान्त्रिक पार्टीका कार्यकर्ताहरुले लखेटेको कुरा कार्टर सेन्टरका पर्यवेक्षकहरुलाई भनियो ।

सेप्टेम्बर महिनाको दोस्रो हप्तामा माओवादीको प्रथम चरणको विरोध कार्यक्रम अन्तर्गत कास्की, कैलाली र डोटीमा माओवादीको जुलुसको कार्टर सेन्टरले प्रत्यक्ष रुपमा पर्यवेक्षण गऱ्यो । माओवादी नेताहरुले जनतालाई सम्बोधन गर्दा प्रयोग गरेको भाषणको शैलि आक्रामक थियो र त्यसले "युद्ध" को आवश्यकता र वर्तमान सरकारलाई "निर्मुल पार्ने" तथा अर्को जनआन्दोलनको तयारी गर्ने संकेत गर्थ्यो । आक्रामक भाषाको वावजुद कार्यक्रमहरु प्रायसः शान्तिपूर्ण थिए जसमा कुनै पनि स्थलमा माओवादी र प्रहरीबीचमा झडप भएन । तीनै जुलुसहरुमा राम्रो सहभागिता रहेको अवलोकन गरिएको (डोटीमा लगभग २,०००, कास्की र कैलालीमा लगभग ५,०००) र सहभागीहरुलाई कास्की र कैलालीका छिमेकी जिल्लाहरुबाट ओसार पसार गरिएको थियो । कास्कीमा विद्यालयका बालबालिकाको दह्रो उपस्थिति देखिएको थियो र पर्यवेक्षकहरुलाई यो बताइएको थियो कि माओवादीले विद्यालयहरुको भ्रमण गरेर प्रधानाध्यापकहरुलाई कक्षा ८, ९ र १० का विद्यार्थीहरुलाई "राजनीतिक शिक्षा" का लागि जुलुसमा पठाउन भनेको थियो ।

नोभेम्बर महिनाको पहिलो दुई हप्ताहरुमा कार्टर सेन्टरले माओवादीको दोस्रो चरणको विरोध कार्यक्रमको देशका विभिन्न जिल्लाहरुमा प्रत्यक्ष पर्यवेक्षण गऱ्यो । नोभेम्बर महिनाको पहिलो हप्ताको माओवादीको कैलाली, बाँके, तनहुँ, मोरङ र काठमाडौं जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुको घेराउको प्रकृति पर्यवेक्षकहरुले भ्रमण गरेका स्थलहरुमा नाचगान सहित पूर्णरुपले शान्त र उत्सवमय रह्यो । कार्यक्रममा आएका ठूलो संख्याका सहभागीहरु तीनै जिल्लाका वा नजिकका जिल्लाका माओवादी सदस्यहरु थिए जसले आफ्नो उपस्थितिवापतको रकम नपाएको दावी गरे, अन्य सहभागीहरुमा वर्गीय, जातीय र ट्रेड युनियन लगायतका माओवादी-सम्बद्ध समूहहरु थिए । हरेक स्थलमा सयौं सदस्यहरुको सहभागिता थियो । प्रहरीको उपस्थिति ठूलो थियो - लगभग हरेक पाँच प्रदर्शनकारीका लागि एक प्रहरी - र यो उचित र संयमित थियो । माओवादीको सिंहदरबार घेराउ कार्यक्रम पनि जिल्लातहमा पर्यवेक्षण गरिएका विरोध कार्यक्रमजस्तै अत्यन्तै शान्तिपूर्ण थियो तर सरकारी कामकारवाहीका लागि अवरोधकारी थियो ।

ङ. "आन्दोलन" प्रतिको निर्भरता

अन्तर्वार्ता गरिएकाहरुले कार्टर सेन्टरका पर्यवेक्षकहरुलाई बढ्दो रुपमा धेरै समूहहरुको आफ्नो मागको कार्यान्वयनका लागि निकट भविष्यमा नै अर्को "आन्दोलन" - अथवा जनआन्दोलन - को योजनाका बारेमा भनेका छन् । माओवादीका स्थानिय तहका प्रतिनिधिहरु "आन्दोलन" शब्दको प्रयोग बारम्बार गरिरहेका छन् र स्याङ्जा तथा बाग्लुङका गाउँमा "घरदैलो" कार्यक्रम गरेर जनतालाई आगामी आन्दोलनको योजनाको बारेमा बताइरहेको माओवादी कार्यकर्ताहरुले दावी गरेका छन् । बारामा माओवादी-सम्बद्ध मधेशी राष्ट्रिय मुक्ति मोर्चाले समितिहरु बनाउँदैछ र अर्को आन्दोलनको आभाष दिने गरि भित्तेलेखनहरु गर्दैछ । माओवादीको अलावा, मधेशी जनाधिकार फोरम-यादव, तराई मधेश लोकतान्त्रिक र नेकपा(मा)-मातृका यादवसहित थुप्रै मधेशी दलहरु जुलुस, संचारमाध्यमहरुको उपयोग गरेर सार्वजनिक रुपमा योजनाबद्ध आन्दोलनको उद्घोष गरिरहेका छन् । दलित, गुरुङ र थारु समूहलगायतका वर्गीय र सीमान्तकृत समूहहरुले पनि नयाँ संविधानमा आफ्नो माग पूरा नभए आन्दोलन गर्ने धम्की दिइरहेका छन् ।

पर्यवेक्षकहरु बताउँछन् कि निरन्तरको "आन्दोलन" को प्रसंग प्राय जसो सरकारको ध्यान खिच्न र कार्यकर्ताको मनोबल बढाउनका लागि गरिएका भाषण मात्र हुन् तर यसका केही परिणाम हुन्छन् । खासगरि द्वन्द्वको अत्यधिक प्रभाव रहेका क्षेत्रहरुमा माओवादीको आन्दोलनको धम्कीले सर्वसाधारण नागरिकको बीचमा चासो बढाउँछ । दैलेखमा द्वन्द्वबाट प्रभावित गाउँलेहरुले रेडियोमा विदाको समयपछि नयाँ आन्दोलन हुने कुरो सुनेपछि कार्टर सेन्टरका पर्यवेक्षकहरुसामु आफ्नो चासो देखाएका छन् । वर्तमानमा झैं नाजुक शान्तिको अवस्था भैरहेमा, आफ्ना मागहरुको सान्दर्भिकता सिद्ध गर्न ठूला संख्यामा रहेका समूहहरु "आन्दोलन" अन्तिम उपायको रुपमा आवश्यक रहेको बुझाइमा छन् ।

ई. निष्कर्ष र सुझावहरु

विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको तीन वर्षपछि पनि नेपाल द्वन्द्व र स्थायी शान्तिको बीचको चुनौतिपूर्ण संक्रमणकालीन अवस्थामा छ । यो लेखिरहँदा एनेकपा(मा) ले डिसेम्बर २००९ मा शुरु हुने गरिको देशव्यापी विरोध प्रदर्शन, स्वायत्त राज्यहरुको घोषणा र अनिश्चित हुन सक्ने देशव्यापि आमहड्ताल लगायतका तेश्रो चरणको विरोधका कार्यक्रमहरुको उद्घोष गरेको छ । तथापि, पार्टीले २३ नोभेम्बरका दिन अत्यावश्यक परेमा गर्न सकिने सम्झौताको कायम क्षमता प्रदर्शित गर्दै अत्यावश्यक भएको बजेट पासको मार्गप्रशस्त गर्न व्यवस्थापिका संसदको दीर्घ-कालीन अवरोध तीन दिनको लागि मात्र भए पनि स्थगित गऱ्यो । नेपालको नाजुक शान्तिप्रक्रियाप्रतिको विश्वास पुनः प्राप्त गर्न र यसलाई एक पटक फेरि अगाडि बढाउन समर्थ बनाउन सबैतर्फबाट तत्कालै अन्य कठोर सहमतिहरु गर्नु आवश्यक छ ।

काठमाडौंस्थित राजनेताहरु सहमति खोज्न संघर्षरत भैरहँदा नागरिकहरु स्थायी शान्ति, नागरिकको सुरक्षा, आर्थिक विकास र समावेशीकरण आदि आफ्ना मुख्य अभिलाषाहरु लाई पूर्ण रुपले साकार पारिनेछ भन्ने आशा गुमाउँदैछन् । कार्टर सेन्टर तराईका धेरै समस्याग्रस्त क्षेत्रहरुको सुरक्षा वातावरणमा भएको सुदृढिकरणले उत्साहित भएको छ तर यो मान्दछ कि यी सुदृढिकरणको स्थायित्वको सुनिश्चितता र नेपालभरि कानूनको सर्वोच्चताको कडाइका लागि राष्ट्रिय तहमा बृहत राजनैतिक सहमति आवश्यक हुनेछ । यसै समयमा, नेपालको लागि द्वन्द्वद्वारा सिर्जित त्रासको व्यवस्थापन गर्नु तथा देशभरि राज्यको उपस्थितिलाई पुनःस्थापित गर्नु धेरै महत्वपूर्ण छ । अन्त्यमा, अहिले सुरक्षालाई खतरा भइरहेका तत्कालिन चुनौतिहरु विविध प्रकृतिका छन् जसको सही प्रत्युत्तर पनि आउनुपर्छ । विशुद्ध अपराधिक गतिविधिले कानूनको सर्वोच्चताको प्रयोगलाई आवश्यक बनाउँछ, जसले सही प्रक्रिया र मानवअधिकारलाई सम्मान गर्दछ र राजनैतिक हस्तक्षेप तथा

भ्रष्टाचारबाट मुक्त कानूनको प्रभावकारी कार्यान्वयन हुन्छ । माओवादी विरोध कार्यक्रमहरु, जग्गासम्बन्धी विवादहरु तथा आइएलओ १६९ को न्यायोचित प्रयोगको हवालामा भएका कर संकलन जस्ता राजनैतिक उद्देश्यले प्रेरित गतिविधिहरु अझ जटिल छन् र यिनलाई प्रभावकारी तवरले सम्बोधन गर्नका लागि कानूनको प्रभावकारी कार्यान्वयन तथा छलफल र सहभागितामार्फत राजनैतिक निकासको समेत आवश्यकता छ ।

अहिले आत्मसन्तुष्ट बन्ने समय होइन । प्रक्रियाभित्र तथा बाहिरका शक्तिहरु राज्यसंचालनलाई ठप्प पार्न सक्ने क्षमता राख्दछन् । वर्तमानमा प्रयोग गरिरहेको नभए पनि माओवादीसँग देशभरि यस खालको क्षमता देखिन्छ, तराईमा अझै पनि सशस्त्र समूहका गतिविधिहरु बढ्न सक्छन्, यदि नयाँ संविधानले लिइरहेको दिशाप्रति संचालित जातीय संगठनहरु वेखुशी छन् भने उनीहरुले प्रक्रियामा अवरोध पुऱ्याउन सक्छन् । सरकार, माओवादी र केही जातीय समूहका नेताहरुसहित धेरै समूहहरुको भाषण चिन्ताजनक छ, तर यसले अझै टकरावको रुप लिएको छैन । जनताको सुरक्षा तथा कानूनको सर्वोच्चतालाई बलियो बनाउन तथा हरेक क्षेत्रमा फरक हुने जिल्लास्तरका विशेष समस्याहरुको स्थानिय तवर मै समाधान गर्न राष्ट्रिय तहमा सबै तर्फबाट बृहत प्रतिबद्धताप्राप्त स्पष्ट सामान्य सिद्धान्तको खाका तत्कालको आवश्यकता हो ।

कार्टर सेन्टर नेपाली अधिकारीहरु, राजनैतिक दलका सदस्यहरु, सामाजिक कार्यकर्ताहरु, संचार सदस्यहरु र नागरिकहरुका साथै अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिहरुलाई यो प्रतिवेदन तयार पार्नका लागि उदारतापूर्वक खर्चेको समय र श्रमका लागि धन्यवाद ज्ञापन गर्न चाहन्छ । आपसी सहयोग र सम्मानको आशयका साथ तपसीलका सुझावहरु प्रस्तुत गरिएको छ जसले भावी कार्यका लागि उपयोगी छलफलका बुँदाहरु प्रदान गर्छन् भन्ने आशा राखिएको छ:

<u>शान्तिप्रक्रियाका सबै दलका लागि</u>

- **शान्तिप्रक्रियालाई अघि बढाउन तथा देशभरिको शान्ति सुरक्षालाई सुधार गर्न काठमाडौंमा भइरहेको गतिरोधको अन्त्यका लागि तत्कालै पाइला चाल ।** विस्तृत शान्ति प्रक्रियामा सहमति गरिएका प्रतिवद्धताको उल्लंघन र शान्ति प्रक्रियाका विरुद्धमा हुने सबैखालका विवादास्पद भनाइहरुका साथै व्यवस्थापिका संसदको संचालनलाई अवरोध गर्ने जस्ता विध्वंशात्मक शैली बन्द गर ।

- **शान्ति प्रक्रिया अनुगमन संयन्त्र निर्माणको प्रतिबद्धतालाई अघि बढाऊ ।** जसले विस्तृत शान्ति सम्झौता तथा तत्पश्चातका सम्झौताहरुको उल्लंघनको अनुसन्धान गर्नेछ र हरेक दललाई आफ्ना वक्तव्य र क्रियाकलापको बारेमा उत्तरदायी बनाउने शक्ति राख्नेछ ।

<u>नेपाल सरकारका लागि</u>

- **नागरिक, राजनैतिक दल, सीमान्तकृत समूह र "उच्च प्राथमिकता" जिल्लाहरुमा बसोबास गर्ने सामुदायिक संगठनहरुलाई विशेष सुरक्षा कार्यक्रमको उद्देश्यको बारेमा सूचना दिने कार्यलाई तीव्रता देऊ ।** स्थानिय अधिकारीहरुबाट समुह-तहका अन्तरक्रिया कार्यक्रमहरुमार्फत यथार्थ जानकारी प्रदान गरिएमा गलत बुझाईहरुलाई हटाउनेछ र सरकार तथा प्रभावित जनसंख्याको बीचमा सम्बन्ध प्रगाढ हुनेछ जसले अन्ततः विशेष सुरक्षा कार्यक्रमको प्रभावकारितालाई बृद्धि गर्नेछ ।

- **हाल जारी देशभरिको बढ्दो प्रहरीको उपस्थितिलाई निरन्तरता देऊ ।** हाल उच्च प्राथमिकतामा रहेका जिल्लाहरुको अलावा राज्य र कानूनको सर्वोच्चताको पहुँच ऐतिहासिक रुपले कम भएका ठाउँहरुलाई लक्षित गर्ने तर्फ विचार गर ।

- **भ्रष्टाचारको कार्य गर्ने व्यक्तिहरुलाई कारवाही गर ।** विस्तृत शान्ति सम्झौताको दफा ३.११ ले हस्ताक्षरकर्ताहरुलाई सार्वजनिक कर्मचारीहरु भ्रष्टाचारका लागि जवाफदेही हुन्छन् भन्ने कुरामा प्रतिबद्ध गराएको छ । केही प्रतीकात्मक घटनाहरुलाई कानूनी कारवाही गर्न छनौट गरेर भ्रष्टाचार घटाउन प्रारम्भ गर ।

- **प्रहरीको कारवाही विद्यमान कानून र अन्तर्राष्ट्रिय मानव अधिकारको मापदण्ड अनुरुप भएको सुनिश्चित गर्न "मुठभेड" का विवरणहरुमा विस्तृत र निष्पक्ष अनुसन्धानहरु गर ।** यि अनुसन्धानहरु निष्पक्ष समूहबाट गरिनुपर्छ, निष्कर्षहरु सार्वजनिक हुनुपर्छ र कसैले पनि यी मापदण्डहरुको उल्लंघन गरेको पाइएमा यथोचित कारवाही गरिनुपर्छ ।

- **जनतालाई आइएलओ १६९ तथा सरकारको हालसम्मको कार्यान्वयन प्रयासको बारेमा बताऊ र नेपाललाई यस अनुबन्धसम्मत बनाउनका लागि प्रयासहरु जारी राख ।** आदिवासी/जनजाति समूहका प्रतिनिधि र अन्तर्राष्ट्रिय कानूनका ज्ञाताहरुसँग बसेर आइएलओ १६९ को बारेमा साझा सहमतिमा पुग्नका लागि कार्य गर । एउटा यस्तो खतरा छ कि अधिकारीहरु र आदिवासी/जनजाति समूहहको आइएलओ १६९ को बुझाईमा भएको असमानता तनाव बृद्धि अथवा द्वन्द्व समेतको स्रोत बन्न सक्छ ।

<u>प्रहरीका लागि</u>

- **प्रहरी इमानदारिताको प्रदर्शन गर्न सबै खालका मानव अधिकार मापदण्डहरुको पालना गर र जनताको आत्मविश्वासलाई प्रोत्साहित गर ।** समुदायहरुलाई स्थानिय कानूनको पालना सधैं सक्रिय रुपले गराउनुपर्छ, प्रहरीको रणनीतिमा आएको परिवर्तनको बारेमा समूदायहरुलाई जानकारी देउ र चालु प्रक्रियामा सक्दो विस्तृत भावमा प्रतिबद्धता प्रकट गर ।

<u>सबै राजनीतिक दलहरुका लागि</u>

- **विस्तृत शान्ति सम्झौता मे २००६ मा सहमति गरिएको आचार संहिता र तत्पश्चातका सम्झौताहरुमा गरिएका प्रतिबद्धताहरुको पालना हुने गरि सबैखालका राजनैतिक हिंसा, जबरजस्ती असुली र धम्की बन्द गर ।** र, यी मापदण्डको उल्लंघन गर्ने दलका कार्यकर्ताहरुको विरुद्ध कारवाही गर ।

- **प्रहरीका मामिलामा हस्तक्षेप गर्ने कार्य रोक र यो सिद्धान्त उल्लंघन गर्ने दलका कार्यकर्ताहरुको विरुद्ध कारवाही गर ।** विस्तृत शान्ति सम्झौताको दफा ७.१.३ र ८.१ मा हस्ताक्षर गरेका सबैले ले दण्डहीनतालाई हतोत्साहित र जिम्मेवारीलाई प्रोत्साहित गर्न कानूनको सर्वोच्चतालाई समर्थन गर्ने प्रतिबद्धता जाहेर गरेको भावना छ । प्रहरीका मामिलाहरुमा राजनैतिक दलको लगातारको हस्तक्षेपले नागरिकहरुलाई कानून माथि पार्टीहरु छन् र आफ्ना कार्यका लागि उत्तरदायी छैनन् भन्ने देखाउँछ । दण्डहीनतालाई अन्त्य गर्न निष्कपट प्रतिबद्धता प्रदर्शित गर्न कानूनको सर्वोच्चता अपराध गर्ने हरेक राजनीति-सम्बद्ध व्यक्ति र नागरिकहरुलाई लागू हुनुपर्छ ।

- **युवा समूहहरुको सकारात्मक गतिविधिलाई बढावा देऊ र शान्तिलाई खतरा हुने गतिविधि बन्द गर ।** वाइसिएल कार्यकर्ता र केही थोरै मात्रामा युथफोर्स भावी नेताभन्दा सुरक्षाको चासोको रुपमा देखिएका छन् । २००८ को अप्रिलमा, एनेकपा(मा) र एमालेले कानूनको सर्वोच्चतालाई समर्थन गर्ने र दण्डहीनतालाई कडा रुपमा नियन्त्रण गर्ने भनी आठबुँदे सहमतिमा प्रतिबद्धता जनायो । विस्तृत शान्ति सम्झौताका हस्ताक्षरकर्ताहरुले हस्ताक्षर गरेको जुन २००८ को एउटा सहमतिले वाइसिएलका कुनै पनि अर्धसैनिक कार्यक्रम बन्द गरिने उल्लेख थियो ।

- **ठेक्कापट्टा प्रक्रियामा हस्तक्षेप गर्ने र सरकारी कर्मचारी, व्यवसायी तथा सर्वसाधारण नागरिकस''ग जबरजस्ती पैसा असुल गर्ने दलका कार्यकर्ताको विरुद्ध कारवाही गर ।** स्थानिय सरकार र व्यापारलाई हस्तक्षेप र जबरजस्तीले धम्क्याउँदा उनीहरुले देशको विकासलाई पनि धम्क्याउँछन् जसले घरेलु वा विदेशी निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय दाताहरुबाट आउने प्रत्यक्ष लगानीमा कमी आउन सक्छ ।

- **बहु-पक्षीय कार्यक्रमहरुको आयोजना गरेर स्थानिय तहको आत्मविश्वास बढाउ जसले दलहरुको शान्तिपूर्ण र लोकतान्त्रिक प्रतिस्पर्धाको प्रतिबद्धतालाई पुनःपुष्टि गर्छ ।** युवा समूहहरुको संलग्नतामा आयोजना गरिने संयुक्त सामाजिक शिक्षा कार्यक्रम अथवा बहु-पक्षीय कार्यक्रमहरुले लोकतान्त्रिक प्रक्रियामा जनताको आत्मविश्वास बढाउँछन् । त्यस्ता कार्यक्रमहरु ती ठाउँहरुमा लक्षित गर्न सकिन्छ जुन या त द्वन्द्व-प्रभावित छन् वा २००८ को संविधानसभाको निर्वाचनमा द्वन्द्वको प्रभाव देखिएको थियो ।

<u>जातीय संगठनहरुका लागि</u>

- **मुद्दाहरु शान्तिपूर्ण ढंगले उठाइएको सुनिश्चित गर ।** ऐतिहासिक असन्तुष्टिका थुप्रै जायज मागहरुलाई संविधान निर्माण प्रक्रिया र राज्य पुनर्संरचनाको बहसबाट सम्बोधन गरिनुपर्छ । तथापि जबरजस्ती (नचाहेको) चन्दाको माग वा धम्की जस्ता गतिविधिहरुको सुरक्षा वातावरणमा नकारात्मक असर पर्छ जसले उनीहरुको आधार लाई बेवास्ता गर्छ र जायज राजनीतिक चासोलाई अविश्वसनिय बनाउन सक्छ ।